**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले स्वास्थ्य अनि कल्याणमा देशको समृद्ध संस्कृतिको योगदानको उल्लेख गर्नु हुदै नवीन स्टार्टअपहरूले युगौंदेखिका परम्पराहरूलाई आधुनिक वैज्ञानिक दृष्टिकोणसँग जोडिरहेको बताउनु भयो।

- केन्द्रीय रेल तथा जल शक्ति राज्यमन्त्री वी. सोमन्नाले प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणले रेलवे पूर्वाधार विकास गरेको र देशका विभिन्न भागहरूबीच सम्पर्क बढाएको बताउनु भएको छ।

- जम्मू कश्मीरका उपराज्यपाल मनोज सिन्हाले श्रीनगर राजभवनमा राजनीतिक दलका नेताहरूसँग भेटघाट गर्नु हुदै ३ जुलाईदेखि सुरु हुने अमरनाथ यात्राको तयारीबारे छलफल गर्नु भयो।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतसँग चाँडै नै ठूलो व्यापार सम्झौतामा हस्ताक्षर हुने बताउनु भएको छ।

- महिला हक्की इन्डिया मास्टर्स कप प्रतियोगिताको फाइनल म्याच आज ओडिशा अनि पञ्जाबबीच सम्पन्न हुनेछ।

**प्रधानमंत्री - संस्कृति**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वास्थ्य अनि कल्याणमा देशको समृद्ध संस्कृतिको योगदानको उल्लेख गर्नु हुदै नवीन स्टार्टअपहरूले युगौंदेखिका परम्पराहरूलाई आधुनिक वैज्ञानिक दृष्टिकोणसँग जोडिरहेको बताउनु भयो। सामाजिक सञ्जालमा मन की बात कार्यक्रममा गरिएको पोस्टको जवाफ दिनु हुदै श्री मोदीले भन्नु भयो, भारतीय संस्कृतिले स्वस्थ र तन्दुरुस्त रहन धेरै तरिकाहरू सुझाव दिन्छ।

**वी सोमन्ना रेल राज्य मंत्री**

केन्द्रीय रेल तथा जल शक्ति राज्यमन्त्री वी. सोमन्नाले प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणले रेलवे पूर्वाधार विकास गरेको र देशका विभिन्न भागहरूबीच सम्पर्क बढाएको बताउनु भएको छ। हिजो चेन्नईको पेराम्बुरमा एकीकृत कोच कारखानाको उद्घाटन समारोहलाई सम्बोधन गर्नु हुदै श्री सोमन्नाले मोदी सरकारको मेक-इन-इन्डिया पहलले उत्पादन र निर्माणलाई बढावा दिएको बताउनु भयो। रेलवे क्षेत्रमा सरकारको महत्वपूर्ण उपलब्धिहरूको उल्लेख गर्नु हुदै श्री सोमन्नाले एकीकृत कोच कारखानाका इन्जिनियरहरूको दक्षताले यो सफलता हासिल गरेको बताउनु भयो। उहाले भन्नु भयो, कोच कारखानाले वार्षिक ५० रेलहरू निर्माण गर्नेछ। गत वर्ष कारखानामा ३ हजार ७ सय कोचहरू निर्माण गरिएको थियो र यस वर्ष ४ हजार २ सय कोचहरू निर्माण गर्ने लक्ष्य राखिएको छ।

**आर.एस.एस.-प्रस्तावना**

राष्ट्रीय स्वयं सेवक संघले संविधानको प्रस्तावनामा समावेश समाजवादी र पंथ निरपेक्ष शब्दको समीक्षा गर्ने आह्वान गरेको छ। संघले यी शब्दहरू आपतकालको समयमा समावेश गरिएको थियो र यी डा. भीमराव अम्बेडकरको संविधानमा नरहेको बताएको छ। आपतकालको पचास वर्ष पूरा भएको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै आरएसएस महासचिव दत्तात्रेय होसबोलेले भन्नु भयो बाबा साहेब अम्बेडकरले संविधानको प्रस्तावनामा यी शब्दहरू कहिल्यै प्रयोग गरेनन्। उहाले भन्नु भयो, आपतकालको समयमा मौलिक अधिकार खोसिएको बेला यी शब्दहरू थपिएका थिए। पछि यस विषयमा

छलफल भयो, तर प्रस्तावनाबाट हटाउन कुनै प्रयास गरिएन। २५ जुन १९७५ मा घोषणा गरिएको आपतकाललाई सम्झँदै श्री होसबोलेले भन्नु भयो, हजारौं मानिसहरूलाई जेलमा हालेर यातना दिइएको थियो, न्यायपालिका र मिडियाको स्वतन्त्रता खोसिएको थियो।

BYTE

कार्यक्रममा केन्द्रीय मन्त्री नितिन गडकरी पनि उपस्थितहुनु हुन्थ्यो । श्री गडकारीले भन्नु भयो,  आपतकाल देशको इतिहासको एउटा कालो काल थियो जब लाखौं मानिसहरूले दुःख भोग्नु परेको थियो। उहाले आपतकालको समयमा ठूलो मात्रामा उत्पीडन र अत्याचार भएको बताउनु भयो ।

**अमरनाथ यात्रा**

जम्मू कश्मीरका उपराज्यपाल मनोज सिन्हाले श्रीनगर राजभवनमा राजनीतिक दलका नेताहरूसँग भेटघाट गर्नु हुदै ३ जुलाईदेखि सुरु हुने अमरनाथ यात्राको तयारीबारे छलफल गर्नु भयो । बैठकमा मुख्यमन्त्री उमर अब्दुल्लाह बाहेक भाजपा, कांग्रेस र पीडीपीका नेताहरू पनि उपस्थित थिए। उपराज्यपालले यात्राको सुरक्षित र सफल सञ्चालनको लागि अमरनाथजी श्राइन बोर्ड, प्रशासन, जम्मू कश्मीर पुलिस , सुरक्षा बल र अन्य सरोकारवालाहरूको समर्पित प्रयासहरूको बारेमा छलफल गर्नु भयो । श्री सिन्हाले बाबा अमरनाथको आशीर्वादले आवश्यक सुविधाहरू बढोत्तरी भएको  र यस वर्षको यात्रा तीर्थयात्रीहरूका लागि अविस्मरणीय र आध्यात्मिक रूपमा आनन्ददायी हुने बताउनु भयो । यो यात्राले जम्मू कश्मीरको लागि नयाँ अध्यायको सुरुवात गर्नेछ।

**बिहार निर्वाचन आयोग**

विधानसभा चुनावको तयारीको समीक्षा गर्न बिहार भ्रमणमा रहेका निर्वाचन आयोगका नौ सदस्यहरूले आज मतदाता दर्ता अधिकारीहरूसँग बैठक गर्नेछन्। निर्वाचन आयोगको टोली बुधबार राज्यको तीन दिवसीय  भ्रमणमा पटना पुगेको थियो। हिजो, निर्वाचन आयोगले राज्यका मुख्य निर्वाचन अधिकारी विनोद सिंह गुजियालसँगको बैठकमा मतदाता सूचीहरूको निरीक्षण गरेको थियो। मुख्य निर्वाचन अधिकारीले बुधबार यस सम्बन्धमा विभिन्न राजनीतिक दलहरूसँग बैठक गरेका थिए।

**निर्वाचन आयोग-डिलिस्टिंग**

निर्वाचन आयोगले आवश्यक सर्तहरू पूरा नगरेको कारण ३४५ गैर मान्यता प्राप्त राजनीतिक दलहरूलाई सूचीबाट हटाउने प्रक्रिया सुरु गरेको छ। यो कारबाही २०१९ देखि लोकसभा, विधानसभा र केन्द्र शासित प्रदेशको चुनाव वा उपचुनाव नलड्ने  दलहरूलाई सूचीबाट हटाउनको लागि गरिएको हो। यी दलहरूको कार्यालय भौतिक रूपमा कतै पनि अवस्थित छैन।

**आधार प्रमाणीकरण**

सरकारले बैंकिङ कर्मचारी छनोट संस्थान **आई.बी.पी.एस.** को परीक्षामा उम्मेदवारहरूको प्रमाणीकरणको लागि आधार प्रमाणीकरणको प्रयोगलाई  अधिकृत गरेको छ। वित्त मन्त्रालयको वित्तीय सेवा विभागले जारी गरेको सूचनामा भनिएको छ, **आई.बी.पी.एस.**  ले परीक्षा र भर्ती प्रक्रियाहरूमा उम्मेदवारहरूको पहिचान प्रमाणित गर्न स्वेच्छाले आधार प्रमाणीकरण प्रयोग गर्न सक्छ।  वित्त  मन्त्रालयले यो पहलले परीक्षाको क्रममा अनुचित अभ्यासहरूलाई रोक्ने र भर्ती प्रक्रियामा विश्वासलाई बलियो बनाउने बताएको छ । यसले पहिचान प्रमाणीकरणलाई सजिलो र छिटो बनाउनेछ, जसले गर्दा प्रशासनिक बोझ कम हुनेछ। यो सूचना भारतको विशिष्ट पहिचान प्राधिकरणसँग परामर्श पछि इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयको स्वीकृतिमा जारी गरिएको हो।

**भारत बांग्लादेश दुर्गा मंदिर**

भारतले ढाकामा रहेको दुर्गा मन्दिर भत्काइएको घटनाको कडा निन्दा गर्दै मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले यसलाई अनुमति दिएको र अवैध भूमिमा बनेको रूपमा चित्रण गरेकोमा आलोचना गरेको छ। नयाँ दिल्लीमा, विदेश

मन्त्रालयका प्रवक्ता रणधीर जयस्वालले पत्रकारहरुसंग कुराकानी गर्ने क्रममा, कट्टरपन्थीहरूले ढाकाको खिलखेतमा रहेको दुर्गा मन्दिर भत्काउनको लागि आवाज उठाइरहेको बताउनु भयो । उहाले भन्नु भयो, मन्दिरलाई सुरक्षा प्रदान गर्नुको सट्टा, अन्तरिम सरकारले घटनालाई अवैध भूमि प्रयोगको मुद्दाको रूपमा प्रस्तुत गऱ्यो र मन्दिर भत्काउन अनुमति दियो। मूर्तिहरू सार्न सक्नु अघि नै मन्दिरमा तोडफोड गरियो। बंगलादेशमा यस्ता घटनाहरू दोहोरिनु गम्भीर चिन्ताको विषय हो। उहाले, हिन्दूहरू, उनीहरूको सम्पत्ति र धार्मिक संस्थाहरूको सुरक्षा गर्नु बंगलादेशको अन्तरिम सरकारको जिम्मेवारी भएको बताउनु भयो ।

**गुजरात-डब्ल्यूपीएफजी**

भारतले विश्व पुलिस  तथा अग्निशमन खेलकुद आयोजना गर्नेछ। यसले प्रतिष्ठित २०२९ विश्व पुलिस  तथा अग्निशमन खेलकुद आयोजना गर्ने दाबी जितेको छ। संयुक्त राज्य अमेरिकाको बर्मिंघममा **डब्ल्यूपीएफजी** महासंघ अगाडि भारतीय प्रतिनिधिहरूले गरेको बलियो दाबीपछि यो घोषणा गरिएको हो। यो कार्यक्रम गुजरातको अहमदाबाद, गान्धीनगर र एकता नगरमा आयोजना हुनेछ। गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले सामाजिक सञ्जाल पोस्टमा यसलाई गुजरातको लागि गर्वको क्षण रहेको र विश्वव्यापी खेलकुद गन्तव्यको रूपमा राज्यको बढ्दो प्रतिष्ठामा खुशी व्यक्त गर्नु भएको छ । उहाले भन्नु भयो,  यो खेलकुद कार्यक्रमको आयोजना राज्यले पाउनु प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहको दूरदर्शी नेतृत्वलाई प्रतिबिम्बित गर्दछ। विश्व पुलिस  तथा अग्निशमन  खेलकुद विश्वको सबैभन्दा ठूलो खेलकुद कार्यक्रमहरू मध्ये एक हो, जसमा ७० भन्दा बढी देशका हजारौं पुलिस  अधिकारीहरू, अग्निशमन  नियन्त्रकहरू र द्रुत प्रतिक्रिया कर्मचारीहरूले  भाग लिन्छन्। यस कार्यक्रमको सफल आयोजनाले गुजरातलाई विश्वस्तरीय खेलकुद कार्यक्रमहरूको लागि प्रमुख स्थलको रूपमा स्थापित गर्नेछ।

**ट्रम्प-व्यापार समझौता**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतसँग चाँडै नै ठूलो व्यापार सम्झौतामा हस्ताक्षर हुने बताउनु भएको छ । हिजो एक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उहाले भन्नु भयो, चीनसँग सम्झौतामा हस्ताक्षर भइसकेको  र अब भारतसँग चाँडै नै ठूलो सम्झौता हुने बताउनु भयो । यद्यपि, उहाले  चीनसँगको सम्झौताको विवरण भने दिनु भएन । श्री ट्रम्पले हरेक देशसँग व्यापार सम्झौता नहुने कुरा पनि स्पष्ट पार्नु भयो ।

BYTE

**हक्की फाइनल**

महिला हक्की इन्डिया मास्टर्स कप प्रतियोगिताको फाइनल म्याच  आज ओडिशा अनि  पञ्जाबबीच  सम्पन्न हुनेछ । हिजो चेन्नईमा भएको पहिलो सेमिफाइनलमा ओडिशाको हक्की एसोसिएसनले तमिलनाडुको हक्की युनिटलाई ४-१ ले पराजित गर्यो। दोस्रो सेमिफाइनलमा हक्की पंजाबले हरियाणाको हक्की युनिटलाई ३-२ ले पराजित गर्यो। फाइनल म्याच  चेन्नईको मेयर राधाकृष्णन हक्की स्टेडियममा दिउँसो २ बजे सुरु हुनेछ। अर्कोतर्फ, पुरुष हक्की इन्डिया मास्टर्स कपको फाइनलमा, तमिलनाडुको हक्की युनिटले आज साँझ ४:०० बजे चेन्नईमा हक्की महाराष्ट्रको सामना गर्नेछ। पहिलो सेमिफाइनल खेलमा, तमिलनाडुको हक्की युनिटले हक्की चण्डीगढलाई ३-० ले पराजित गर्यो, जबकि दोस्रो सेमिफाइनल खेलमा, हक्की महाराष्ट्रले हक्की एसोसिएसन अफ ओडिशालाई ४-१ ले पराजित गर्यो।